तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
☎: ०७५-५२०७०१, ५२०८९३
५२०१२१, ५२०१०१
ई-मेल: ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं.
पत्र संख्या :

## तानसेन नगरकार्यपालिकाको कार्यालयको कर तथा शुल्क संकलन सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सुचना

दोस्रो पटक प्रकाशित मिति: २०८०।०४।१३

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६१, ६२, एवं तानसेन नगरपालिकाको आर्थिक ऐन २०८० को दफा १८ व्यवस्था बमोजिम तानसेन नगर क्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन गर्नका लागि १५ दिनको म्याद राखी यो दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र दरभाउपत्र पेश गर्नु हुन अनुरोध गरीन्छ ।

१. दरभाउपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र फारम खरिद गर्ने मिति : सुचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र ।
३. सिलवन्दी वोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति : आ.व. २०७९/०८० सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजतपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको दरभाउपत्र साथ संलग्न गरी सुचना प्रकाशन भएको मितिले १६औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।
४. वोलपत्र/दरभाउपत्र खोल्ने समय : सूचना प्रकाशित भएको मितिले १६औं दिनको २ वजे दरभाउपत्र/वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ
६. दरभाउपत्र/वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०८१ साल साउन मसान्त सम्म म्याद भएको वैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।
७. दरभाउपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा दरभाउपत्रदाताको हुनेछ ।
८. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम हुनेछ ।
९. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
१०. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि २०८१ साल असार मसान्त सम्मको लागि मात्र हुने छ ।
११. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका दरभाउपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
१२. ठेक्का अंक रकम एकमूष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक्काको अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।

१३. दरभाउपत्र दाखिला गर्दा कबोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

१४. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

दरभाउपत्र विवरण

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक (भ्याट वाहेक) रु. | दरभाउपत्र दस्तूर | कैफियत |
|---|---|---|---|---|
| ER/ 02/080/081 | पार्किङ्ग शुल्क संकलन | ९,००,०००। | रु. १०००।०० | दरभाउपत्र |

............................

तानसेन नगरपालिकाकार्यालय

निमित्त प्रमुख प्रशासकीय अधिकृत